(दफा २० को उपदफा (४) संग सम्बन्धीत)

# कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित नेपाल पुनर्बीमा कम्पनी लिमिटेडको नियमावली

## परिच्छेद –१

## प्रारम्भिक

१. कम्पनीको नाम : यस कम्पनीको नाम नेपाल पुनर्बीमा कम्पनी लिमिटेड हुनेछ । यसलाई अंग्रेजीमा Nepal Re-Insurance Company Limited र छोटकरीमा Nepal Re भनिनेछ ।

२. कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना : यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ उपत्यकाभित्र रहनेछ । आवश्यकता अनुसार प्रचलित कानूनको अधीनमा रही सम्बन्धीत निकायबाट स्वीकृति लिई स्वदेशमा कर्पोरेट क्षेत्रिय र शाखा कार्यालयहरू तथा विदेशमा शाखा कार्यालयहरू स्थापना गर्न वा बन्द गर्न सकिनेछ ।

३. परिभाषा :

विषय या प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले कम्पनी ऐन, २०६३ सम्झनुपर्छ ।

(ख) "कार्यालय" भन्नाले कम्पनी रजिष्ट्रारको कार्यालय सम्झनुपर्छ ।

(ग) "कम्पनी" भन्नाले नेपाल पुनर्बीमा कम्पनी लिमिटेड सम्झनुपर्छ ।

(घ) "पदाधिकारी" भन्नाले कम्पनीको संचालक, कार्यकारी प्रमुख, प्रबन्धक, कम्पनी सचिव, लिक्वीडेटर सम्झनुपर्छ र सो शब्दले कम्पनीको विभागीय जिम्मेवारी लिने कुनै कर्मचारी समेतलाई जनाउँछ ।

(ङ) "सभा" भन्नाले कम्पनीको साधारण सभा सम्झनुपर्छ ।

(च) "संस्थापक" भन्नाले कम्पनीको संस्थापना गर्नको लागि कार्यालय समक्ष दाखिला गरिने प्रबन्धपत्र तथा नियमावलीमा लेखिएको कुरालाई मन्जुर गरी संस्थापकको हैसियतले हस्ताक्षर गर्ने व्यक्ति सम्झनुपर्छ ।

(छ) "प्रबन्धपत्र" भन्नाले कम्पनीको प्रबन्धपत्र सम्झनु पर्छ ।

(ज) "नियमावली" भन्नाले कम्पनीको नियमावली सम्झनु पर्छ ।

(झ) "विवरणपत्र" भन्नाले कम्पनीको विवरणपत्र सम्झनु पर्छ

(ञ) "शेयर" भन्नाले कम्पनीको शेयर पूँजीको विभाजित अंश सम्झनु पर्छ ।

(ट) "शेयरधनी" भन्नाले कम्पनीको शेयरमा स्वामित्व भएको व्यक्ति सम्झनु पर्छ ।

(ठ) "डिवेन्चर" भन्नाले कम्पनीको जायजेथा धितो राखी वा नराखी कम्पनीले जारी गरेको ऋण-पत्र सम्झनु पर्छ ।

(ड) "दर्ता किताब" भन्नाले ऐनको दफा ४६ बमोजिम खडा गरिएको शेयरधनी वा डिवेन्चरवालाको दर्ता किताब सम्झनु पर्छ ।

(ढ) "धितोपत्र बोर्ड" भन्नाले नेपाल धितोपत्र बोर्ड सम्झनु पर्छ ।

(ण) "धितोपत्र" भन्नाले कम्पनीले जारी गरेको शेयर, बण्ड, डिवेन्चर सम्झनु पर्छ र सो शब्दले धितोपत्र को धरौटी सम्बन्धी भर्पाई तथा धितोपत्र सम्बन्धी हक र अधिकारपत्र समेतलाई जनाउँछ ।

(त) "संचालक" भन्नाले कम्पनीको संचालक सम्झनु पर्छ र सो शब्दले वैकल्पिक संचालक समेतलाई जनाउँछ ।

(थ) "समिति" भन्नाले कम्पनीको संचालक समिति सम्झनु पर्छ ।

(द) "स्वतन्त्र संचालक" भन्नाले ऐनको दफा ८६ को उपदफा (३) बमोजिम नियुक्त स्वतन्त्र संचालक सम्झनु पर्छ ।

(ध) "बीमा व्यवसाय" भन्नाले जीवन बीमा व्यवसाय वा निर्जीवन बीमा व्यवसाय सम्झनु पर्छ र सो शब्दले पुनर्बीमा समेतलाई जनाउँछ ।

(न) "पुनर्बीमा व्यवसाय" भन्नाले स्वदेशी तथा विदेशी बिमक वा पुनर्बीमक गरेकोले बीमा तथा पुनर्बीमा व्यवसायको जोखिमको पुनर्बीमा ग्रहण गर्ने तथा आफूले गरेको पुनर्बीमाको पुनर्बीमा गराउने कार्य सम्झनु पर्छ ।

(प) "जीवन बीमा व्यवसाय" भन्नाले कुनै व्यक्तिको जीवन सम्बन्धमा निजको आयुको आधारमा अवधि निश्चित गरी किस्ता बन्दीमा रकम बुझाउने र त्यस्तो अवधिको समाप्ति पछी निजले वा निजको मृत्यु भएको अवस्थामा निजको हकवालाले कुनै खास रकम पाउने गरी गरिने करार सम्बन्धी व्यवसाय सम्झनु पर्छ ।

(फ) "निर्जीवन बीमा व्यवसाय" भन्नाले जीवन बीमा व्यवसाय बाहेक अन्य बीमा व्यवसाय सम्झनु पर्छ ।

(ब) "बीमालेख" भन्नाले बीमाको करारनामा सम्बन्धी अधिकार तथा दायित्व उल्लेख भएको लिखत सम्झनु पर्छ ।

(भ) "बिमित" भन्नाले जीवन तथा निर्जिवन बीमा गराउने व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(म) "दलाल वा ब्रोकर" भन्नाले बीमा व्यवसाय सम्बन्धमा बीमक-बीमक वा बीमक-पुनर्बीमक वा पुनर्बीमक-पुनर्बीमक बीच मध्यस्थकर्ताको रुपमा काम गर्न इजाजत प्राप्त व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(य) "ब्रोकरेज" भन्नाले बीमक-बीमक वा बीमक-पुनर्बीमक वा पुनर्बीमक-पुनर्बीमक बीच मध्यस्थकर्ताको रुपमा काम गर्ने दलाल वा ब्रोकरलाई दिईने पारिश्रमिक सम्झनु पर्छ ।

४. कम्पनीको उद्देश्य : कम्पनीको उद्देश्य प्रबन्ध पत्रको दफा ४ मा उल्लेख भए बमोजिम हुनेछ ।

## शेयर पूँजी तथा ऋण

५. शेयरको अंकित मूल्य : यस कम्पनीको शेयरको अंकित मूल्य रु. १००।- हुनेछ ।

६. शेयरमा लियन रहने कुरा : शेयर धनीहरूले कम्पनीलाई तिर्न बाँकी रहेको शेयर वापतको रकम वा कम्पनीलाई कानून बमोजिम बुझाउनु पर्ने बाँकी रकम बापत निजहरूका नाममा दर्ता भएको शेयर र सो यापत बाँडिले लाभांशमा कम्पनीको लियन वा दायी रहने छ ।

७. विभिन्न वर्गका शेयरहरू जारी गर्ने भए त्यस्ता शेयरको वर्ग, त्यसमा निहित शेयरधनीको हक, अधिकार तथा बन्देजहरू : (१) यस कम्पनीमा साधारण शेयर बाहेक अन्य वर्गका शेयरको कुनै व्यवस्था हाललाई गरिएको छैन ।

(२) साधारण शेयरको समूहगत संरचना प्रवन्धपत्रको दफा ६ मा उल्लेख गरिए बमोजिम हुनेछ ।

८. नियम ७ बमोजिम जारी भएको शेयर खरिद गर्ने शेयर धनीको अधिकारमा हेरफेर गर्दा सम्बन्धीत वर्गका शेयरधनीहरूको स्वीकृति चाहिने वा नचाहिने : हाल साधारण शेयर बाहेक अन्य वर्गका शेयर नभएको र सो सम्बन्धी व्यवस्था लागू गर्नु परेको खण्डमा प्रचलित कानूनको अधीनमा रही विदेशी पूलयीमा कम्पनीको लागि विभिन्न वर्गका शेयर जारी गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सकिनेछ ।

९. अग्राधिकार शेयर : हाल अग्राधिकार शेयर सम्बन्धी व्यवस्था गरिएको छैन । अग्राधिकार शेयर सम्बन्धी व्यवस्था गर्नु परेको खण्डमा प्रचलित कानूनको अधीनमा रही सम्बन्धीत निकायको स्वीकृति लिई अग्राधिकार शेयर जारी गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सकिनेछ ।

१०. संस्थापकले लिनु पर्ने शेयर : कम्पनीको संस्थापक हुन कम्तिमा एक लाख किता शेयर लिएको हुनुपर्नेछ ।

११. शेयर वापतको रकमको भुक्तानीको माग तथा शेयर जफत सम्बन्धी व्यवस्था : कम्पनीले आवश्यकता अनुसार शेयर वापतको रकमको भुक्तानीको माग गर्नेछ । शेयर वापतको रकमको भुक्तानी तथा शेयर जफत सम्बन्धी अन्य कुरा ऐन बमोजिम हुनेछ ।

१२. शेयर बिक्री तथा धितोबन्धक सम्बन्धी व्यवस्था : (१) कम्पनीको शेयर चल सम्पति सरह अर्को व्यक्तिलाई बिक्री गर्न वा धितो बन्धक राख्न सकिनेछ ।

(२) शेयर बिक्री वा धितो बन्धक र दाखिल खारेज सम्बन्धी व्यवस्था ऐन बमोजिम हुनेछ ।

१३. शेयरको प्रमाण पत्र : कम्पनीले जारी गर्ने शेयरको प्रमाण पत्रमा सञ्चालक समितिले तोकेको सञ्चालक, प्रबन्ध सञ्चालक वा कार्यकारी प्रमुख मध्ये कुनै दुई जनाको संयुक्त दस्तखत गरिने छ ।

१४. शेयर पूँजी हेरफेर गर्ने कुरा : प्रथम साधारण सभा हुनुभन्दा अगावै सञ्चालक समितिले कम्पनीको शेयर पूँजी हेरफेर गर्न सक्नेछ । प्रथम साधारण सभा पश्चात भने साधारण सभाबाट प्रस्ताव पारित गरी साधारण सभाको निर्णयबाट ऐन बमोजिम कम्पनीको शेयर पूँजी हेरफेर गर्न सकिनेछ ।

१५. आफ्नो शेयर आफैंले खरिद गर्ने सम्बन्धी व्यवस्था : (१) ऐनको अधीनमा रही आफ्नो शेयर आफै खरिद गर्न सक्नेछ ।

(२) कम्पनीले आफ्नो शेयर आफैं खरिद गर्दा कम्पनी सम्बन्धी प्रचलित कानूनी व्यवस्थाको अधीनमा रही तोकिए बमोजिमको प्रतिशतसम्म खरिद गर्न सकिनेछ ।

१६. ऋण वा डिबेन्चर सम्बन्धी व्यवस्था :

(१) प्रचलित कम्पनी कानूनको अधीनमा रही ऋण वा डिबेन्चर उठाउन सक्ने छ ।

(२) जारी पूँजी पूरा रुपमा चुक्ता नभएसम्म कम्पनीले डिबेन्चर उठाउन सक्ने छैन ।

(३) कम्पनीले जारी गरेको डिबेन्चर शेयरमा परिणत हुन सक्नेछ । त्यसरी शेयरमा परिणत भएको डिबेन्चरलाई साधारण सभाले अनुमोदन गरी कार्यालयबाट स्वीकृति प्राप्त भए पछि लागू गरिनेछ ।

(४) उपनियम (३) बमोजिम डिबेन्चर शेयरमा परिणत गर्नुपर्दा त्यस सम्बन्धी कुनै शर्त तोक्नु परेमा संचालक समितिले तोके बमोजिम हुनेछ ।

(५) कम्पनीले डिबेन्चर अन्य चल सम्पत्ति सरह धितो बन्धक राख्न सक्नेछ ।

(६) ऋण वा डिबेन्चर सम्बन्धी अन्य कुरा ऐनमा व्यवस्था भए बमोजिम हुनेछ ।

(७) डिबेन्चर हस्तान्तरण र दाखिल खारेजको सम्बन्धमा ऐनमा उल्लेख भए बमोजिम हुनेछ ।

१७. <u>शेयरधनी तथा डिबेन्चरवालाको दर्ता किताबको निरीक्षण</u> : शेयरधनी तथा डिबेन्चरवालाले कम्पनीको शेयर वा डिबेन्चर दर्ता किताबको निरीक्षण गर्न चाहेमा कम्पनीले निरीक्षण गर्न दिनुपर्नेछ ।

तर कम्पनीले आफ्नो रजिष्टर्ड कार्यालयमा सूचना पाटीमा पन्ध्र दिन अगावै सूचना टाँस गरी एक वर्षमा पैंतालीस दिन नबढाई एक पटकमा बढीमा तीस दिन सम्म दर्ता किताबको निरीक्षण बन्द गर्न सक्नेछ ।

परिच्छेद –३

## साधारण सभा

१८. साधारण सभा सम्बन्धी व्यवस्था :

(१) कम्पनीको साधारण सभा देहायबमोजिम हुनेछन् :-

(क) बार्षिक साधारण सभा

(ख) विशेष साधारण सभा

(२) कम्पनीको प्रथम बार्षिक साधारण सभा कम्पनी रजिष्टारको कार्यालयबाट कारोवार गर्ने स्वीकृति पाएको मितिले तीन महिना भित्रमा गरिनेछ र त्यसपछिका बार्षिक साधारण सभाहरू आर्थिक वर्ष समाप्त भएको मितिले छ महिना भित्र गरिनेछ ।

(३) कम्पनीको प्रथम वार्षिक साधारण सभा गर्नको लागि कम्तिमा २१ दिन अगावै र विशेष साधारण सभा कम्तिमा पन्ध्र दिन अगावै सभा हुने ठाउँ, मिति र छलफल गर्ने विषय उल्लेख गरी सबै शेयरधनीहरूलाई सूचना दिइनेछ ।

(४) सञ्चालक समितिको अध्यक्ष वा सञ्चालक समितिले तोकेको पदाधिकारीले साधारण सभा बोलाउनेछ ।

(५) उपनियम (४) मा उल्लिखित पदाधिकारीले साधारण सभा नबोलाएमा वा अन्य कुनै कारणले संचालक समितिको बैठक बस्न नसकेमा संचालक समितिको कूल सञ्चालकहरू मध्ये कम्तिमा ५१ प्रतिशत संचालक उपस्थित भई कारण खुलाई साधारण सभा बोलाउने निर्णय गर्न सक्नेछन् ।

(६) उपनियम (३) वा (५) बमोजिम बोलाईएको साधारण सभामा नियम २३ बमोजिमको गणपुरक संख्या नपुगी त्यस्तो सभा हुन नसकेमा कम्तिमा सात दिनको म्याद दिई पुनः साधारण सभा बोलाइनेछ । यस्तो म्यादको सूचना कम्तिमा सात दिन अघि कुनै राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गरेमा रितपूर्वकको सूचना दिइएको मानिनेछ ।

(७) साधारण सभा सम्बन्धी अन्य व्यवस्था प्रचलित कम्पनी कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

(८) कुनै सूचीकृत कंपनीको शेयरधनीलाई सूचना पठाउँदा कुनै कारणले छुट भएमा वा सूचना पठाए तापनि निजलाई प्राप्त नभएमा सोही कारणले उक्त सभाको कार्यवाही वा स्वीकृत गरिएका कुनै प्रस्ताव अवैध हुने छैनन् ।

१९. साधारण सभाको कार्यविधि :

(१) साधारण सभाको अध्यक्षता संचालक समितिको अध्यक्षले गर्नेछ ।

(२) संचालक समितिको अध्यक्ष अनुपस्थित भएमा उपस्थित संचालकहरूले आफूहरू मध्येबाट छानिएको संचालकले सभाको अध्यक्षता गर्नेछ ।

तर साधारण सभामा कुनै पनि संचालक उपस्थित नभएमा सभामा उपस्थित शेयरधनीहरूले आफूहरू मध्येबाट छानेको शेयरधनीले साधारण सभाको अध्यक्षता गर्नेछ ।

(३) सभाको अध्यक्षता गर्ने व्यक्तिले सभाको काम कारबाही प्रारम्भ हुनु अघि सभाको वैधताबारे छलफल गरी गणपुरक संख्या पुगे वा नपुगेको यकिन गर्नु पर्नेछ र गणपुरक संख्या पुगेको पाइएमा सो सभाको अध्यक्षको अनुमतिले विधिवत सभाको संचालन हुनेछ ।

(४) सभामा छलफल गरिने प्रत्येक विषय (एजेण्डा) प्रस्तावको रूपमा प्रस्तुत हुनेछ र प्रत्येक प्रस्तावमा छलफल गरिनेछ । अध्यक्षता गर्ने व्यक्तिले अनुमति दिएकोमा बाहेक एउटा प्रस्तावमा निर्णय नभई अर्को प्रस्तावमा प्रवेश गरिने छैन ।

(५) सभाको निर्णय बहुमतको आधारमा हुनेछ ।

(६) तर विशेष प्रस्तावको हकमा सभामा उपस्थित शेयरधनीहरू मध्ये दुई तिहाई प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीले प्रस्तावको पक्षमा मत दिएमा मात्र त्यस्तो प्रस्ताव सभाबाट पारित भएको मानिनेछ ।

(७) सभामा मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(८) कूल शेयर पूँजीको दुई तिहाई प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीहरूले स्वीकृति दिएकोमा बाहेक सभाको सूचनामा उल्लेख नगरिएको विषय (एजेण्डा) उपर सभामा छलफल र निर्णय गरिने छैन ।

(९) कुनै खास विषयमा शेयरधनीहरुको मत संकलन गर्नुपर्ने भएमा सभाको अध्यक्षले तोकेको प्रक्रियाअनुसार मत संकलन गरिनेछ ।

(१०) साधारण शेयरधनी बाहेक अन्य वर्गका शेयरधनीहरुको व्यवस्था गरिएको छैन ।

(११) सभाका सम्बन्धमा अन्य कुरा ऐनको अधीनमा रही संचालक समितिले निर्णय गरे बमोजिम हुनेछ ।

२०. <u>साधारण सभामा पेश गर्ने अन्य विषय</u> : ऐनमा उल्लेख भएको विषय बाहेक साधारण सभामा अन्य कुनै विषय पेश गर्नु पर्ने देखिएमा संचालक समितिले निर्णय गरी सो सम्बन्धमा प्रचलित कानून बमोजिम व्यवस्था गर्न सकिनेछ ।

२१. <u>विशेष प्रस्ताव</u> : ऐनमा उल्लेख भएका विषय बाहेक अन्य खास विषयमा विशेष प्रस्ताव पेश गर्नु पर्ने भएमा संचालक समितिले निर्णय गरी सो सम्बन्धमा प्रचलित कानून बमोजिम व्यवस्था गर्न सकिनेछ ।

२२. <u>विशेष साधारण सभा</u> : ऐन बमोजिम कम्पनीको विशेष साधारण सभा बोलाउन सकिनेछ ।

२३. <u>गणपुरक संख्या</u> : बाँडफाँड भएको कुल शेयर संख्याको कम्तिमा एकाउन्न प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुनेगरी कुल शेयरधनीहरु मध्ये कम्तिमा तीन जना शेयरधनीहरु स्वयं वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित नभई साधारण सभाको काम-कारवाही प्रारम्भ हुने छैन ।

तर, नियम १८ को उपनियम (६) मा उल्लेख भएबमोजिम पुनः बोलाईएको साधारण सभामा कुल शेयर संख्याको कम्तिमा पच्चीस प्रतिशत शेयरको प्रतिनिधित्व हुनेगरी कम्तिमा तीन जना शेयरधनीहरू स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित भएमा सभा संचालन गर्न वाधा पर्ने छैन ।

२४. <u>प्रोक्सी मत सम्बन्धी व्यवस्था</u> :

(१) प्रचलित कानून बमोजिम करार गर्न योग्य शेयरधनी लाई प्रतिनिधि (प्रोक्सी) नियुक्ति गर्न सकिनेछ ।

(२) कुनै शेयरधनीले प्रतिनिधि नियुक्ति गरी आफू स्वयम् उपस्थित भएमा त्यस्तो प्रतिनिधि स्वतः रद्द भएको मानिनेछ ।

(३) शेयरधनीले प्रतिनिधि (प्रोक्सी) मार्फत मतदान गर्न पाउनेछ ।

(४) प्रतिनिधिले मतदान गर्न पाउने अधिकतम हद वा सीमा तोकिएको छैन ।

(५) कुनै संचालकलाई कम्पनीको साधारण सभामा भाग लिनको लागि कुनै शेयरधनीले आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्ति गरेको भएमा आफूलाई नियुक्त गर्ने विषयमा वा आफ्नो स्वार्थ वा व्यक्तिगत फाइदाको कुनै विषयमा त्यस्तो संचालकले उक्त शेयरधनीको प्रतिनिधिको हैसियतले मतदान गर्न पाउने छैन ।

२५. <u>मतदान</u> :

(१) ऐन तथा यस नियमावलीमा अन्यथा लेखिएको बाहेक प्रत्येक शेयरधनीलाई निजले लिएको प्रत्येक शेयरवापत साधारण सभामा एक मत दिने अधिकार हुनेछ ।

(२) फरक मताधिकार भएका शेयरहरू सम्बन्धी हाल व्यवस्था गरिएको छैन ।

(३) साधारण सभामा मताधिकार नहुने शेयर हाल जारी गरिएको छैन ।

(४) संचालक निर्वाचन गर्दा एक शेयरको एक मत भन्दा बढी हुनेगरी मतदान गर्न पाईनेछैन ।

(५) संचालक निर्वाचन गर्दा प्रत्येक समूहबाट सर्वसम्मत वा मतदान प्रक्रियाद्वारा गरिनेछ ।

(६) कुनै एक समूहको शेयरधनीले अर्को समूहबाट प्रतिनिधित्व गर्न पाउने छैन ।

२६. <u>साधारण सभाको निर्णय विवरणको अभिलेख</u> :

(१) ऐन अनुसार खुलाउनु पर्ने कुरालाई साधारण सभाको काम कारवाही तथा निर्णयको विवरणको छुट्टै अभिलेख गरी राखिनेछ । त्यस्तो विवरणमा सभाको अध्यक्ष तथा कम्पनीको सचिवले हस्ताक्षर गर्नु पर्नेछ । कुनै कारणले सभामा कम्पनी सचिव अनुपस्थित भएको वा कम्पनी सचिवको नियुक्ति नभएको अवस्थामा सभाले नियुक्त गरेको एक जना शेयरधनीले त्यस्तो विवरणमा हस्ताक्षर गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम राखिएको साधारण सभाको काम कारवाहीको विवरणको अभिलेख कम्पनीको रजिष्टर्ड कार्यालयमा राख्नु पर्नेछ । त्यस्तो विवरण कुनै शेयरधनीले कार्यालय समयमा निरीक्षण गर्न चाहेमा कम्पनी सचिव वा कम्पनीले तोकेको अन्य कर्मचारीले निरीक्षण गर्न दिनु पर्नेछ ।

(३) कम्पनीको साधारण सभाको निर्णयहरु शेयरधनीहरुले हेर्न चाहेमा कार्यालय समय भित्र हेर्न सक्नेछन् । प्रतिलिपि आवश्यक परी शेयरधनीबाट मांग भएमा प्रतिपृष्ठ कम्पनीले तोके बमोजिम दस्तुर लिई कम्पनी सचिव वा कुनै संचालकले प्रतिलिपि प्रमाणित गरी दिनु पर्नेछ ।

नेपाल पुनर्बीमा कम्पनी लिमिटेड २०७१ Nepal Reinsurance Company Limited

## संचालक समिति

**२७. संचालक समितिको गठन, संख्या र कार्यकाल :**

(१) संचालकको नियुक्ती वा निर्वाचन वार्षिक साधारण सभाबाट हुनेछ । तर नेपाल सरकारबाट प्रतिनिधित्व गर्ने संचालकको नियुक्ति नेपाल सरकारबाट हुनेछ ।

(२) कम्पनीको संचालक समितिमा न्यूनतम् एक जना महिला सदस्य सहित देहाय बमोजिमका संचालक सदस्यहरु रहनेछन् :-[1]

(क) समूह "क" नेपाल सरकारबाट मनोनित अध्यक्ष सहित ३ (तीन) जना

(ख) समुह "ख" नेपाल सरकार बाहेकका संस्थागत लगानीकर्ताबाट २ जना संचालक[2]

(ग) हटाएको ।[3]

(घ) स्वतन्त्र विशेषज्ञ संचालक १ (एक) जना

(ङ) सर्वसाधारणबाट १ जना संचालक ।[4]

(३) संचालकको कार्यकाल चार वर्षको हुनेछ ।

तर समूह क बाट नियुक्त संचालकलाई यो व्यवस्था लागू हुनेछैन ।

(४) वार्षिक साधारण सभा हुनु अगावै कुनै कारणले संचालकको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि संचालकको नियुक्ति जुन प्रक्रियाबाट पहिले संचालक नियुक्त भएको थियो सोही प्रक्रियाबाट गरिनेछ । कुनै संचालकको क्रार्यकाल पूरा नहुँदै बीचमा पद रिक्त भई सो पदमा नियुक्त भएको संचालकको कार्यकाल जुन संचालकको पद रिक्त भई नियुक्त भएको हो सो संचालकको बाँकी कार्यकाल सम्मको लागि मात्र हुनेछ ।

तर वार्षिक साधारण सभाद्वारा नियुक्त गरिएको संचालकको पद कुनै व्यहोराले रिक्त भएमा सो रिक्त स्थानमा अर्को साधारण सभासम्मको लागि संचालक समितिले संचालक नियुक्त गर्नेछ ।

(५) संगठित संस्थाले संचालक नियुक्ति गर्दा निजको बैकल्पिक संचालक पनि नियुक्त गर्न सक्नेछ ।

(६) संचालकको निर्वाचनको लागि संचालक समितिले निर्वाचन निर्देशन बनाउन सक्नेछ ।

(७) कम्पनीको प्रथम वार्षिक साधारण सभा नभएसम्म नेपाल सरकारले बीमा कम्पनीका प्रतिनिधिहरु समेत रहेको ७ सदस्यीय संचालक समिति गठन गर्न सक्नेछ ।

---

१. कम्पनीको मिति २०७४/१२/३० मा सम्पन्न तेस्रो साधारण सभाले संशोधन गरिएको ।
२. कम्पनीको मिति २०७४/१२/३० मा सम्पन्न तेस्रो साधारण सभाले संशोधन गरिएको ।
३. कम्पनीको मिति २०७४/१२/३० मा सम्पन्न तेस्रो साधारण सभाले संशोधन गरिएको ।
४. कम्पनीको मिति २०७४/१२/३० मा सम्पन्न तेस्रो साधारण सभाले हटाएको ।
५. कम्पनीको मिति २०७४/१२/३० मा सम्पन्न तेस्रो साधारण सभाले थप गरिएको ।

(८) कम्पनीको पहिलो साधारण सभा पश्चात् समूह "ख" र "ग" बमोजिमका संचालकहरुको नियुक्ती साधारण सभाबाट हुनेछ ।

२८. **संचालक हुन लिनुपर्ने न्यूनतम शेयर संख्या :** यस कम्पनीको संचालकको पदमा नियुक्त हुनको लागि कुनै पनि संस्थागत शेयरधनीले आफ्नो नाममा कम्तिमा १००००० (एक लाख) र सर्वसाधारण शेयरधनीले १०० (एक सय) कित्ता शेयर लिएको हुनु पर्नेछ ।[१]

तर नेपाल सरकार, स्वतन्त्र तथा विशेषज्ञ संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकको हकमा यो व्यवस्था लागू हुने छैन ।

२९. **शेयरधनी बाहेक अन्य कुनै स्वतन्त्र र व्यवसायिक व्यक्तिलाई संचालक नियुक्त गर्ने भए निजहरुको संख्या, कार्यकाल, योग्यता तथा नियुक्ति प्रक्रिया सम्बन्धी व्यवस्था :**

(१) कम्पनी ऐन, २०६३, बीमा ऐन, २०४९ र यस नियमावली बमोजिम संचालक हुन तोकिएका योग्यता पुगेका व्यक्तिहरुबाट एक जना स्वतन्त्र विशेषज्ञ संचालक नियुक्त गर्न सकिनेछ ।

(२) स्वतन्त्र तथा विशेषज्ञ संचालकको नियुक्तीको लागि संचालक समितिले योग्य व्यक्तिहरुको नाम चयन गरी नियुक्तिको लागि सर्वसाधारण सभामा पेश गर्नु पर्नेछ । यसरी नाम तयार गर्दा जति जना स्वतन्त्र संचालक नियुक्ति हुने हो सो को संख्याको कम्तिमा थप ३ जना योग्य व्यक्तिहरुको नाम स्वतन्त्र विशेषज्ञ संचालकको नियुक्तिको लागि साधारण सभामा प्रस्तुत गर्नु पर्नेछ ।

(३) स्वतन्त्र तथा विशेषज्ञ संचालकहरुको नियुक्ति उप नियम (२) बमोजिम साधारण सभामा प्रस्तुत प्रस्तावमा उल्लेख गरिएका व्यक्तिहरु मध्येबाट गरिनेछ ।

(४) स्वतन्त्र तथा विशेषज्ञ संचालकको काम, कर्तव्य, जवाफदेहीता तथा सुविधा अन्य संचालकहरुको सरह हुनेछ ।

(५) स्वतन्त्र तथा विशेषज्ञ संचालकको कार्यकाल बढीमा चार वर्षको हुनेछ ।

३०. **संचालक पुन: नियुक्ति हुन सक्ने वा नसक्ने :** संचालकको योग्यता र एक पटक संचालक भई सकेको व्यक्ति पुन: संचालकमा नियुक्त हुन सक्नेछ ।

---

१. कम्पनीको मिति २०७४/१२/३० मा सम्पन्न तेस्रो साधारण सभाले संशोधन गरिएको ।

३१. संचालक नियुक्ति सम्बन्धी कुनै खास व्यवस्था भए सो खुलाउने : संचालक नियुक्ति सम्बन्धी व्यवस्था निम्न बमोजिम रहेको छ ।

(१) यस कंम्पनीको सञ्चालकको पदमा नियुक्त हुनका लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा १००००० (एक लाख) कित्ता शेयर लिएको हुनु पर्नेछ । यस्तो शेयर बन्धकमा रहेको हुनु हुँदैन । तर स्यतन्त्र संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकको हकमा यो ब्यवस्था लागू हुने छैन ।

(२) देहायका कुनै व्यक्ति संचालकको पदमा नियुक्त हुन सक्ने छैनः

(क) एक्काइस वर्ष उमेर नपुगेको ।

(ख) मगज विग्रेको वा बहुलाएको,

(ग) दामासाहीमा परी पाँच वर्षको अवधि पूरा नभएको,

(घ) भ्रष्टाचार वा फौज्दारी कसूरमा सजाय पाएको,

(ङ) कुनै प्रकारको चोरी, ठगी, किर्ते या आफ्नो जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दुरुपयोग गरेको अभियोगमा कसूरदार ठहरी सजाय भुक्तान भएको तीन वर्ष पूरा नभएको,

(च) सम्बन्धीत कम्पनीको व्यवसाय वा कुनै ठेक्का पट्टा वा कारोबारमा कुनै प्रकारको निजी स्वार्थ भएको,

(छ) समान उद्देश्य भएको अर्को कुनै कम्पनीको संचालक, आधारभूत शेयरधनी, कर्मचारी, लेखापरीक्षक वा सल्लाहकार पदमा बहाल रहेको र कम्पनीमा कुनै पनि प्रकारको निजी स्वार्थ भएको,

(ज) कम्पनीलाई रकम बुझाउन बाँकी रहेको अवस्थामा त्यस्तो शेयरधनी,

(झ) कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गर्नुपर्ने विवरण तथा प्रतिवेदनहरु पेश नगर्ने कुनै कम्पनीको संचालक रहेको,

(३) देहायका कुनै व्यक्ति स्यतन्त्र संचालकको पदमा नियुक्त हुन सक्ने छैनः

(क) नियम ३१ (२) मा लेखिए बमोजिमको व्यक्ति,

(ख) सम्बन्धीत कम्पनीको शेयरधनी,

(ग) कम्पनीको पदाधिकारी, लेखापरीक्षक, कर्मचारी वा त्यस्तो कुनै पदमा अवकाश प्राप्त गरेको तीन वर्ष पूरा नभएको,

(घ) कम्पनीको पदाधिकारीको नजिकको नातेदार (तीन पुस्ता भित्रको),

(ङ) कम्पनीको लेखापरीक्षक वा निजको साझेदार,

(४) देहायको अवस्थामा कुनै व्यक्ति संचालकको पदमा बहाल रहने छैनः

(क) स्वतन्त्र संचालकको हकमा नियम ३१ (३) मा लेखिए बमोजिम नियुक्त हुन नसक्ने अवस्था भएमा,

(ख) साधारण सभाले संचालकको पदबाट हटाउने प्रस्ताव दुई तिहाईले पारित गरेमा,

(ग) संचालकले आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा,

(घ) कम्पनीको काम, कारवाहीमा बेइमानी वा बदनियत गरेको कसूर अदालतबाट ठहर भएमा,

(ङ) प्रचलित कानून बमोजिम संचालकले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेको वा गर्नुपर्ने भनी तोकिएको कार्य नगरेको भनी अदालतबाट दोषी ठहर भएमा,

(च) प्रचलित कानून बमोजिम बैंक वा वितीय संस्थाको ऋण नतिरी अधिकार प्राप्त निकायले कालो सूचीमा राखी, कालो सूचीमा कायमै रहेको वा कालो सूचीबाट हटेको ३ वर्ष पूरा नभएमा,

(छ) वहाल रहेको पदाधिकारको पदावधि समाप्त भएमा,

३२. <u>संचालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था</u> :

(१) संचालकको पारिश्रमिक, बैठक भत्ता, दैनिक भत्ता तथा अन्य सुविधा साधारण सभाले तोके बमोजिम हुनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि पहिलो साधारण सभा नभएसम्म त्यस्तो पारिश्रमिक, बैठक भत्ता, दैनिक भत्ता तथा अन्य सुविधा संचालक समिति आफैले तोक्न सक्नेछ ।

३३. <u>संचालक समितिको काम, कर्तव्य र अधिकारहरू</u> :

(१) संचालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछनः-

(क) प्रचलित कानून र प्रबन्धपत्र, नियमावलीको अधीनमा रही कम्पनीको सम्पूर्ण नीतिगत काम कारवाही संचालन तथा व्यवस्थापन गर्ने,

(ख) कम्पनीको हितलाई ध्यानमा राखी कम्पनीको व्यवस्थापन, आर्थिक र प्रशासनिक पक्षको बारेमा जानकारी दिने र आवश्यकता अनुसार सहयोग गर्ने,

(ग) कम्पनीको तर्फबाट गर्नु पर्ने सम्झौता, मंजूरीनामा, मुद्दा, मामिला तथा भैपरी आउने कार्यहरु गर्ने गराउने,

(घ) कम्पनी ऐन, प्रबन्धपत्र, नियमावली र प्रचलित कानूनको अधीनमा रही काम गर्ने,

(ङ) कम्पनीको प्रमुख कार्यकारी अधिकृत नियुक्त गर्ने तथा निजको सेवाका शर्तहरु तोक्ने,

(च) कम्पनीको संस्थागत लक्ष्य, मूल्य मान्यता तथा योजनाहरु निर्धारण गर्ने तथा कार्यान्वयनको अनुगमन गर्ने,

(छ) प्रचलित कानूनको अधीनमा रही कम्पनीको लागि आवश्यक विषयमा नीति, नियम, विनियम, निर्देशिका या कार्यविधि बनाई लागू गर्ने,

(२) संचालक समितिको अन्य काम कर्तव्य साधारण सभाले तोकी दिए बमोजिम हुनेछ ।

(३) संचालकले आफ्नो कार्य जिम्मेवारी शुरु गर्नु अघि गोपनीयता र कम्पनी प्रति इमान्दारीताको शपथ ग्रहण गर्नु पर्नेछ ।

(४) उपनियम (१) मा उल्लेख भएका बाहेक संचालक समितिको काम, कर्तव्य र अधिकार ऐन तथा प्रचलित कानून एवम् यस नियमावलीमा उल्लेख भए बमोजिम र नभएकोमा साधारण सभाले तोकिदिए बमोजिम हुनेछन् ।

३४. <u>अधिकार प्रत्यायोजन सम्बन्धी व्यवस्था :</u>

(१) प्रचलित ऐनको अधीनमा रही संचालक समितिले आफ्नो अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(२) प्रचलित ऐनको अधीनमा रही संचालक समितिले विषय, व्यक्ति, उप-समिति खुलाई निणर्य गरे बमोजिम अधिकार प्रत्यायोजन गर्न सकिनेछ ।

३५. <u>प्रबन्ध संचालक सम्बन्धी व्यवस्था</u> : हाल प्रबन्ध संचालक सम्बन्धी व्यवस्था गरिएको छैन ।

३६. <u>प्रमुख कार्यकारी अधिकृत सम्बन्धी व्यबस्था</u> :

(१) समितिले कम्पनीको दैनिक कार्य संचालन तथा व्यवस्थापनका लागि एक जना प्रमुख कार्यकारी अधिकृतको नियुक्त गर्नेछ ।

(२) समितिले शैक्षिक योग्यता, अनुभव लगायत नियुक्तिको प्रकृया निर्धारण गरी आवश्यक नियम वनाई प्रमुख कार्यकारी अधिकृतको नियुक्त गर्नेछ ।

(३) उपनियम (२) बमोजिम नियुक्त पदाधिकारी कुन प्रकृयावाट नियुक्त गरीएको हो, शैक्षिक योग्यता र सेवा शर्तहरु लगायतका विषय के रहेका थिए भन्ने वारेमा नियुक्त भएको सात दिन भित्र नेपाल सरकार अर्थ मन्त्रालयलाई जानकारी गराउनु पर्नेछ ।

तर कंपनी स्थापना पछि पहिलो पटक नियुक्त हुने प्रमुख कार्यकारी अधिकृतलाई आवश्यक योग्यता तोकि वार्तावाट सोझै नियुक्त गर्न सकिनेछ ।

(४) प्रमुख कार्यकारी अधिकृत कम्पनीको प्रमुख प्रशासकीय अधिकारी हुनेछ ।

(५) प्रमुख कार्यकारी अधिकृतको पदावधि चार वर्षको हुनेछ र निज अर्को एक पटक चार वर्षको अवधिको लागि पुनः नियुक्ति हुन सक्नेछ ।

(६) प्रमुख कार्यकारी अधिकृतको सेवा, शर्त र सुविधा संचालक समितिले तोके वमोजिम हुनेछ ।

(७) प्रमुख कार्यकारी अधिकृत काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

(क) कम्पनीको दैनिक कार्य संचालन तथा व्यवस्थापन गर्ने गराउने,

(ख) कम्पनीका कर्मचारीहरु लगायत मानव श्रोतको रेखदेख गर्ने, नियन्त्रण गर्ने, निर्देशन दिने,

(ग) कम्पनीको प्रगति तथा सर्वोत्तम हितका लागि आवश्यक योजनाहरु तर्जुमा गरी संचालक समितिबाट पारित गरी कार्यान्वयन गर्ने गराउने,

(घ) संचालक समितिको निर्णय अनुसार कम्पनीको लागि आवश्यक प्राविधकि तथा अप्राविधिक कर्मचारी नियुक्ति गर्ने,

(ङ) कर्मचारी नियमावली अनुसार कर्मचारीहरुको सेवा, शर्त, सुविधा, पदोन्नती, पदपूर्ति वृत्ति विकास, अवकाश तथा विभागीय कार्यवाही आदि मानव श्रोत व्यवस्थापन गर्ने गराउने,

(च) कम्पनीको तर्फबाट गर्नुपर्ने सम्झौता, मञ्जुरीनामा, मुद्दा मामिला तथा झैपरी आउने अन्य कार्यहरु गर्ने गराउने,

(छ) कम्पनीको प्रबन्ध-पत्र तथा नियमावली र अन्य प्रचलित कानूनको अधीनमा रही कम्पनीको सम्पूर्ण कार्यहरु गर्ने गराउने,

(ज) संचालक समिति वा साधारण सभाबाट भएको निर्णय कार्यान्वयन गर्ने गराउने,

(झ) प्रत्येक आर्थिक वर्षका लागि कार्यक्रम, लक्ष्य तथा बजेट निर्धारण गरी संचालक समितिबाट स्वीकृत गराई कार्य संचालन तथा बजेट खर्च गर्ने गराउने,

(ञ) प्रिमियम, पूनर्बीमा प्रिमियम, पूनर्बीमा कमिसन (आय) लगानी आदि आम्दानी स्वीकृत गर्ने,

(ट) पूनर्बीमा प्रिमियम, पूनर्बीमा कमिसन, अभिकर्ता कमिशन, दावी (व्यय) आदि खर्च भुक्तानी दिने,

(ठ) कम्पनीको कोषको लगानी नीति अनुरुप लगानी गर्ने गराउने,

(ड) अन्य आई पर्ने संपूर्ण कामकाज तदारुकताका साथ र सूचारु रुपले संचालन गर्ने गराउने,

(ढ) कम्पनीको कार्य प्रगति प्रतिवेदन समय-समयमा संचालक समितिमा पेश गर्ने,

(ण) आफूलाई प्राप्त अख्तियारी आवश्यकता अनुसार आफू मातहतका कर्मचारीहरुलाई प्रत्यायोजन गर्ने,

(८) कार्यकारी प्रमुख आफ्नो कामको निमित्त संचालक समिति प्रति उत्तरदायी हुनेछ ।

(९) नेपाल सरकारले आकस्मिक बीमा कोष विघटन गरेपछि कम्पनीमा परिणत हुँदा आकस्मिक बीमा कोषको कोष प्रबन्धक बाँकी अवधीको लागि स्वतः कम्पनीको प्रमुख कार्यकारी अधिकृत हुनेछ ।

(१०) यस नियमे बमोजिम नियुक्त भएको प्रमुख कार्यकारी अधिकृतले कम्पनीको हित विपरित कार्य गरेमा वा आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा वा निजको कार्यक्षमता समितिले निजलाई जुनसुकै बखत पदमुक्त गर्न सक्नेछ । तर यसरी पदमुक्त गर्नु अघि सफाइको मौकाबाट बन्चित गरिने छैन ।

३७. संचालक समितिको बैठक :

(१) कम्पनीको संचालक समितिको बैठक अध्यक्ष स्वयं आफैले वा अध्यक्षको आदेशमा कार्यकारी प्रमुख वा कम्पनी सचिवले बोलाउनेछ ।

(२) कम्पनीमा दर्ता गरिएको संचालकको ठेगानामा पठाईएको बैठक सम्बन्धी सूचना वैध सम्झनु पर्नेछ । त्यस्तो सूचना विद्युतीय संचार माध्यमबाट पनि पठाउन सकिनेछ ।

३८. संचालक समितिको बैठक सम्बन्धी कार्यविधि :

(१) समितिको बैठक आवश्यकताअनुसार नियम (३७) मा लेखिएको पदाधिकारीले बोलाउनेछ । त्यसरी नबोलाएमा कूल संचालक संख्याको कम्तिमा पच्चीस प्रतिशत संचालकहरूले माग गरेमा त्यस्तो पदाधिकारीले पन्ध्र दिन भित्र संचालक समितिको बैठक बोलाउनु पर्नेछ । यसरी माग गर्दा पनि बैठक नबोलाएमा सो कुरा खुलाई कम्तिमा पच्चीस प्रतिशत संचालकले बैठकमा छलफल हुने विषय, बैठक बस्ने समय तथा स्थान उल्लेख गरी संचालक समितिको बैठक बोलाउन सक्नेछन् । यसरी बैठक बोलाउँदा अन्य संचालकहरूलाई उपनियम (२) अनुसार बैठकको सूचना दिनुपर्नेछ ।

(२) समितिको बैठकको सूचना संचालकले उल्लेख गरेको ठेगानामा लिखित रूपमा वा विद्युतीय संचार (ईमेल, फ्याक्स समेत) माध्यमबाट दिन सकिनेछ ।

(३) समितिको बैठकमा संचालक स्वयं उपस्थित हुनुपर्नेछ ।

तर वैकल्पिक संचालक नियुक्त गर्ने संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालक अनुपस्थित भएको अवस्थामा निजको वैकल्पिक संचालक उपस्थित हुनसक्नेछ ।

(४) संचालकहरूको संख्याको कम्तिमा एकाउन्न प्रतिशत संचालकहरू उपस्थित नभई संचालक समितिको बैठक बस्न सक्ने छैन ।

तर गणपुरक संख्या नपुगी संचालक समितिको बैठक हुन नसकेमा कम्तिमा ३ दिनको सूचना दिई अर्को बैठक बोलाउन सकिनेछ । त्यस्तो बैठकमा पनि गणपुरक संख्या नपुगेमा उपस्थित संचालकहरुले गरेको काम कारवाही तथा निर्णय मान्य हुनेछ ।

(५) समितिको बैठकको अध्यक्षता संचालक समितिको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितमा बैठकमा उपस्थित संचालकहरूले आफूमध्येबाट छानेको संचालकले अध्यक्षता गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

तर आफ्नो निजी सरोकार वा स्वार्थ भएको बिषयमा संचालक समितिको बैठकमा हुने छलफलमा त्यस्तो सरोकार वा स्वार्थ भएको संचालकले भाग लिन वा मतदान गर्न पाउने छैन ।

(७) संचालक समितिको कुनै बैठकको निर्णयमा असहमत हुने कुनै संचालकले आफ्नो असहमति जनाई राय लेख्न वा राख्न पाउनेछ ।

(८) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि समितिले गर्न पाउने कुनै कामको सम्बन्धमा समितिका सबै सदस्य लिखित रूपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक बिना पनि गर्न सकिनेछ । त्यस्तो सहमतिलाई समितिको बैठकको निर्णय सरह मानिनेछ ।

३९. <u>संचालक समितिको निर्णयको अभिलेख</u> :

(१) समितिको बैठकमा छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण (माइन्युट) को छुट्टै अभिलेख राख्नु पर्नेछ र सो अभिलेखमा बैठकमा उपस्थित संचालकहरू मध्ये कम्तिमा एकाउन्न प्रतिशत संचालकले दस्तखत गर्नु पर्नेछ ।

तर बैठकमा उपस्थित कुनै संचालकको निर्णयको विवरणमा दस्तखत नगरेको कारणबाट त्यस्तो निर्णय अमान्य भएको मानिने छैन ।

(२) विद्युतीय संचार साधन वा कम्प्युटरको प्रयोग गर्ने भए त्यस्तो संचार साधन कम्प्युटरको माध्यमबाट पनि निर्णयको विवरण राख्न सकिनेछ । यसरी निर्णयको विवरण राख्दा निर्णयको व्यहोरा फेरबदल गर्न नपाउने पर्याप्त व्यवस्था गर्नुपर्नेछ ।

(३) कुनै शेयरधनीले संचालक समितिको निर्णय कार्यालय समयभित्र निरीक्षण गर्न सक्नेछ ।

परिच्छेद – ५

## हिसाब किताब तथा लेखा परीक्षण

४०. कम्पनीको हिसाब किताब तथा लेखापरिक्षण :

(१) यस कम्पनीको लेखा तथा हिसाबकिताब प्रचलित कानून अनुसार अधिकार प्राप्त निकायले निर्धारण गरेको लेखा मापदण्ड अनुरूप तयार गरिनेछ ।

(२) कम्पनीले राख्नु पर्ने सबै हिसाबकिताब प्रतिदिनको कारोबार सबै स्पष्ट देखिने गरी अद्यावधिक रूपमा राख्नु पर्नेछ ।

(३) ऐन बमोजिम यस कम्पनीले आफ्नो हिसाब किताब लेखापरीक्षण गराउनेछ ।

(४) कम्पनीको साधारण सभाले ऐन बमोजिम लेखापरीक्षक नियुक्ति गर्नेछ । यसरी नियुक्त भएको मितिले पन्ध्र दिन भित्र निजको नाम कार्यालयमा पठाउनेछ ।

तर प्रथम साधारण सभा हुनु भन्दा अघि संचालक समितिले लेखापरीक्षक नियुक्त गर्नेछ ।

(५) उपनियम (४) बमोजिम नियुक्त लेखापरीक्षकले आफुले लेखापरिक्षण गरेको हिसाबकिताब र लेखाबाट कम्पनीको वासलात, नाफा नोक्सानीको हिसाब एवं नगद प्रवाह विवरण प्रमाणित गरी आफूलाई नियुक्त गर्ने अधिकारीलाई सम्बोधन गरी आफ्नो प्रतिवेदन कार्यालयलाई र कम्पनीलाई दिनेछ । कम्पनीले त्यस्तो प्रतिवेदनको प्रतिलिपि शेयरधनी र कार्यालयलाई पठाउनु पर्नेछ ।

(६) कम्पनीको अद्यावधिक हिसाबकिताब कुनै शेयरधनीले निरीक्षण गर्न चाहेमा कार्यालय समय भित्र यथाशीघ्र निरीक्षण गर्न दिनु पर्नेछ ।

४१. लेखापरीक्षण समिति सम्बन्धी व्यवस्था : ऐनको दफा १६४ बमोजिम एक लेखापरीक्षण समिति रहनेछ । लेखापरीक्षण समितीको काम कर्तव्य र अधिकार ऐनमा उल्लेख भएबमोजिम हुनेछ ।

परिच्छेद–६

विविध

४२. लाभांश सम्बन्धी व्यवस्था :

(१) लाभांश वितरण गर्ने निर्णय भएको पैतालीस दिन भित्र लाभांश वितरण गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको अवधि भित्र लाभांश वितरण नगरेमा दश प्रतिशतका दरले लाभांशको ब्याज समेत थप गरी लाभांशको रकम भुक्तानी गर्नु पर्नेछ ।

(३) प्रचलित कानून बमोजिम बीमा समितिको स्वीकृती लिई लाभांश वितरण गर्न सकिनेछ ।

(४) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कम्पनीले शेयर बापत माग गरेको रकम चुक्ता नगर्ने शेयरधनीलाई सो हदसम्म निजको लाभांश रोक्का गर्न सकिनेछ ।

४३. शेयरधनी, डिवेन्चरवाला, संचालक र पदाधिकारीलाई दिईने तथा निजबाट प्राप्त हुने सूचना : कम्पनीले शेयरधनी, डिवेन्चरवाला, संचालक, पदाधिकारीहरूलाई र शेयरधनी वा डिवेन्चरवालाहरूले कम्पनीका संचालक, कम्पनीका पदाधिकारीहरूलाई कुनै सूचना वा जानकारी विद्युतीय वा अन्य कुनै माध्यमबाट दिन सक्नेछन् ।

४४. कम्पनी सचिव सम्बन्धी व्यवस्था : ऐनको अधीनमा रही कम्पनी सचिवको नियुक्ति गरिनेछ । निजको पदावधि, सेवा, शर्त कम्पनीको संचालक समितिले तोके बमोजिम हुनेछ ।

४५. कम्पनीको छाप सम्बन्धी व्यवस्था :

(१) कम्पनीको छाप प्रमुख कार्यकारी वा निज नभएको अवस्थामा कम्पनी सचिवको जिम्मामा रहनेछ ।

(२) अनधिकृत छाप प्रयोग गरी कम्पनी उपर कुनैपनि दायित्व श्रृजना भएमा सो छाप जिम्मा लिने व्यक्तिबाट त्यस्तो दायित्व बापत श्रृजना हुने रकम असुल उपर गरिनेछ ।

४६. प्रतिलिपि दस्तुर सम्बन्धी व्यवस्था :

(१) कम्पनीको प्रबन्धपत्र, नियमावली, वार्षिक आर्थिक विवरण, लेखापरीक्षण प्रतिवेदन, संचालकको लगत, शेयरधनीको दर्ता किताब, दर्ता प्रमाण पत्र वा कम्पनीको तर्फबाट

कार्यालयमा पेश गरिएको कुनै लिखतको प्रतिलिपि कुनै शेयरधनी वा अरू सरोकारवालाले माग गरेमा संचालक समितीले तोके बमोजिमको दस्तुर लिई प्रतिलिपि दिनु पर्नेछ ।

(२) कम्पनीको साधारण सभाको काम कारवाहीको विवरणको प्रतिलिपि, कम्पनीको संचालक समितिको निर्णयको प्रतिलिपि, कम्पनीको शेयर प्रमाण पत्रको प्रतिलिपि", शेयरधनी वा डिबेन्चरवालाको दर्ता किताबको प्रतिलिपि प्राप्त गर्न संचालक समितीले तोके बमोजिमको दस्तुर लाग्नेछ ।

४७. कम्पनी गाभिने व्यवस्था :

(१) यस कम्पनीमा कुनै अर्को कम्पनीलाई वा यस कम्पनीलाई कुनै अर्को कम्पनीमा गाभ्न आवश्यक भएमा कम्पनीको साधारण सभाले विशेष प्रस्ताव पारित गरी ऐन, बीमा ऐन तथा प्रचलित कानूनको अधीनमा रही अर्को कम्पनीलाई गाभ्न वा आफू अर्को कम्पनीमा गाभिन सक्नेछ ।

(२) कम्पनी अर्को कम्पनीसँग गाभिँदा शेयरको हेरफेर वा हस्तान्तरण वा कम्पनीको सम्पूर्ण जायजेथा बिक्रीमा सहमती नजनाउने शेयरधनीले साधारण सभामा त्यस्तो असहमती राख्न सक्नेछ र साधारण सभाले निजको हित कायम राख्नु पर्नेछ । साधारण सभाबाट निजको सहमती विरूद्धमा निर्णय गरेमा प्रचलित कानून बमोजिम हुनेछ ।

४८. कम्पनीको खारेजी :

(१) प्रचलित कानूनको अधीनमा रही कम्पनीको साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी बीमा समितिको स्विकृति लिई कम्पनी खारेज गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कम्पनी खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एक भन्दा बढी लिक्वीडेटर तथा लेखापरीक्षकको नियुक्ति गर्नेछ । त्यसरी नियुक्ति भएका लिक्वीडेटर तथा लेखापरीक्षकको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ ।

(३) उपनियम (२) बमोजिम नियुक्त लिक्वीडेटर तथा लेखापरीक्षकले कम्पनीको खारेजी सम्बन्धीकाम कारबाही गर्नेछन् ।

४९. <u>कुनै खास व्यवसाय गर्ने कम्पनीले नियमावलीमा खुलाउनुपर्ने भनी प्रचलित कानूनमा कुनै व्यवस्था गरिएको भए त्यस्तो कुराः</u> यो कम्पनी पुनर्बीमा व्यवसाय गर्ने कम्पनी भएकोले बीमा समितिको स्वीकृति लिएर तथा आवश्यकता अनुसार नेपाल सरकारको निर्णय बमोजिम बीमा कोषहरूको व्यवस्थापन गर्ने भएको हुँदा प्रचलित बीमा ऐन, २०४९, बीमा नियमावली, २०४९, र प्रचलित कानूनको व्यवस्था बमोजिम आफ्नो व्यवसाय संचालन गर्नेछ ।

५०. <u>अन्य आवश्यक कुराहरू</u> :

(१) कम्पनीको आर्थिक वर्ष श्रावण १ गते देखि आषाढ मसान्तसम्म हुनेछ ।

(२) कम्पनीको कारोबार परिचालनको लागि पुनर्बीमा दलाल (Re-Insurance Broker), लगायतको व्यवस्था गर्ने र सो सम्बन्धी आवश्यक नियम विनियम बनाई लागु गर्न सक्नेछ ।

(३) आकस्मिक बीमा कोष नियमावली, २०६० बमोजिम स्थापित आकस्मिक बीमा कोषलाई यस कम्पनीले प्रतिस्थापन गर्ने हुँदा उक्त कोषको कार्यहरू यसै कम्पनीबाट गरिनेछ । उक्त कोषको हक, अधिकार, सम्पती तथा दायित्व यस कम्पनीमा सर्नेछ । यस कम्पनीको स्थापना हुनु अघि कोषले गरेका काम कारवाही यसै कम्पनीले गरे सरह मानिनेछ ।

५१. <u>नियमावली संशोधन भएमा लागु हुने अवस्था</u> : यस नियमावलीमा कुनै संसोधन भएमा साधारण सभामा विशेष प्रस्ताव पारित गरी सो निर्णय कार्यालयमा अभिलेख भएपछि मात्र नियमावली संसोधन भएको मानिनेछ ।

५२. <u>नियमावली बाझिएको हदसम्म अमान्य हुने</u> : यस नियमावलीमा लेखिएका कुराहरू ऐन, अन्य प्रचलित कानून वा प्रबन्धपत्रसँग बाझिएको हदसम्म अमान्य हुनेछ ।

५३. <u>संस्थापकले तत्काल लिन कबुल गरेको शेयर संख्या र उद्घोषण</u> : हामी नेपाल पुनर्बीमा कम्पनी लिमिटेडका संस्थापकहरूले यो कम्पनी संस्थापना गरी प्रचलित कानून बमोजिम संचालन गर्न मञ्जुर गरेका छौं । यो प्रबन्धपत्रमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कबुल गरेको शेयर र साक्षी सम्बन्धी व्यहोरा ठीक साँचो हो । कुनै कारणले झुठ्ठा ठहरिन गएमा कम्पनी दर्ता पश्चात सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौं । यो प्रबन्धपत्रमा लेखिएका कुरा साँचो हो झुठ्ठा ठहरे कानून बमोजिम बुझाउन मञ्जुर छौं भनी सहिछाप गरेका छौं ।

| सि. नं. | संस्थापकको नाम, ठेगाना र सहिछाप | बाबु / पतिको नाम | नागरिकताको प्रमाणपत्र नं. र नागरिकता प्राप्त गरेको जिल्ला | लिन कबुल गरेको शेयर संख्या | साक्षीको नाम, ठेगाना र सहिछाप | नागरिकताको प्रमाणपत्र नं. र नागरिकता प्राप्त गरेको जिल्ला |
|---|---|---|---|---|---|---|
| १ | नेपाल सरकार तर्फबाट (प्रतिनिधि : श्री शोभाकान्त पौडेल) प्रमुख कर प्रशासक | | | १,४८३,८६० | | |
| २ | राष्ट्रिय बीमा क.लि. (प्रतिनिधि : श्री जयन्द्र लाल श्रेष्ठ) | | | ६७७,४२० | | |
| ३ | दि ओरिएण्टल इन्स्योरेन्स कम्पनी लि. (प्रतिनिधि : डा. अजय गर्ग) | | | ६७७,४२० | | |
| ४ | नेपाल इन्स्योरेन्स कम्पनी लि. (प्रतिनिधि : श्री चन्द्र सिंह साउद) | | | ६७७,४२० | कल्पना देवी भेटवाल वडा नं. १० नयाँ बानेश्वर काठमाडौं। | का. जि. ३५/१२४६ काठमाडौं। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | नेशनल इन्स्योरेन्स कम्पनी लि.<br>(प्रतिनिधि : डा. प्रोनब सेन) | | ३५८७/९१<br>इण्डियन एम्बेसी जिनिह्वपन नं | ६७७,४२० | आनन्द कुमार<br>पु. श्री महेन्द्र पाँडे<br>श्री छगौल<br>रजौल, पटना बिहार (भारत) 801105 | |
| ६ | हिमालयन जनरल इन्स्योरेन्स कम्पनी लि.<br>(प्रतिनिधि : श्री महेन्द्र कृष्ण …) | | | ६७७,४२० | ध्रुव प्रसाद-धौपाने<br>गोठाटार - ८<br>काठमाडौं | १४८३/२०२४<br>झापा |
| ७ | युनाईटेड इन्स्योरेन्स कम्पनी लि.<br>(प्रतिनिधि : श्री टंक प्रसाद रेग्मी) | | १८८४४०२८<br>झापा | ६७७,४२० | | २०६१६/४०० |
| ८ | प्रिमियर इन्स्योरेन्स कम्पनी लि. नेपाल<br>(प्रतिनिधि : श्री सुद्युम्न प्रसाद उपाध्याय) | | ४८९४<br>काठमाण्डौं | ६७७,४२० | सहदेव तिवारी<br>दर्गानगर कैलाली | ११६,१६<br>काठमाडौं |
| ९ | एभरेष्ट इन्स्योरेन्स क.लि.<br>(प्रतिनिधि : श्री प्रदिप मोहन धौभडेल) | | १/३०।३१<br>भक्तपुर | ६७७,४२० | भरत कुमार गहतराई<br>धापाखेल गा.वि.स. ६, काठमाडौं | ना.प्र.प.न. २४१२६/२०५४<br>का. |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | नेको इन्स्योरेन्स लि.<br>(प्रतिनिधि : श्री विश्व तिमिला) | | ना. प्र. नं. १३००२/ ११९६९ का. काठमाडौं | ६७७,४२० | मदन कुमार राजभण्डारी पैतीदेवल, १डी. १-२०, काठमाडौं | १३३५३ काठमाडौं |
| ११ | सगरमाथा इन्स्योरेन्स कम्पनी लि.<br>(प्रतिनिधि : श्री कृष्ण बहादुर बस्न्यात) | | | ६७७,४२० | विश्वनाथ अधिकारी कामाक्षमण न.पा. २, काभ्रे पलाञ्चोक | ४५६ काभ्रे पलाञ्चोक |
| १२ | एलायन्स इन्स्योरेन्स कम्पनी लि.<br>(प्रतिनिधि : श्री युगेश भक्त श्रेष्ठ) | | | ६७७,४२० | सन्चित बज्राचार्य का.म.न.पा. ८ जयबागेश्वरी | ४०८ काठमाडौं |
| १३ | एन. बी इन्स्योरेन्स कम्पनी लि.<br>(प्रतिनिधि : श्रीमती दीपमाला श्रेष्ठ | | ना.प्र.नं. ६२४६२ सिन्धुपाल्चोक | ६७७,४२० | शुभा श्रेष्ठ कमलपोखरी चारबुर्जा काठमाण्डौं | ना.प्र.नं. २३४४ २६५ दोलखा चरिकोट |
| १४ | प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लि.<br>(प्रतिनिधि : श्री वीरकृष्ण महर्जन) | | | ६७७,४२० | दिपेश श्रेष्ठ बनस्थली १६, बालाजु | ६१५१८ काठमाडौं |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५ | शिखर इन्स्योरेन्स कम्पनी लि.<br>(प्रतिनिधि : श्री दिप प्रकाश पाण्डे) | | ना.प्र.प.नं. १३५५२ काठमाडौं | ६७७,४२० | सुरज राजबाहक [illegible] ना.प्र.प.नं. १३८८२ | |
| १६ | लुम्बिनी इन्स्योरेन्स कम्पनी लि.<br>(प्रतिनिधि : श्री शेखर बराल) | | ना.प्र.प.नं. ४६६०३४०२ मेचि, झापा | ६७७,४२० | गणेश मान महर्जन कीर्तिपुर-३ काठमाडौं | ना.प्र.प.नं. १२८१६ काठमाडौं। |
| १७ | एनएलजी इन्स्योरेन्स कम्पनी लि.<br>(प्रतिनिधि : श्री विजय बहादुर शाह) | | ना.प्र.प.नं. २२६/०३२/०३३ [illegible] | ६७७,४२० | मनोज श्रेष्ठ महपाल-१५, ललितपुर। | ना.प्र.प.नं. ६३८४६ ललितपुर। |
| १८ | सिदार्थ इन्स्योरेन्स कम्पनी लि.<br>(प्रतिनिधि : श्री योगश कृष्ण श्रेष्ठ) | | | ६७७,४२० | [illegible] सानेपा-२ ललितपुर | ना.प्र.प.नं. ९४८२ ल.पु. |
| | जम्मा | | | २१,०००,००० | | |